गीरेन्द्र बहादुर राई
गाउँपालिका अध्यक्ष

आज मिति २०८० साल असोज ०४ गते बिहीबार बिहान १०:०० बजे ऐसेलुखर्क गाउँ कार्यपालिकाको बैठक नं. ०२/०४/२०८०/०८१ गाउँपालिका अध्यक्ष श्री गीरेन्द्र बहादुर राई ज्यूको अध्यक्षतामा बसी तपसिलका पदाधिकारीहरुको उपस्थितीमा देहायका प्रस्तावमा छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिती</u>

| पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|
| अध्यक्ष | गीरेन्द्र बहादुर राई | |
| उपाध्यक्ष | राजेश कुमार राजभण्डारी | |
| सदस्य | पुरुषोत्तम राजभण्डारी | |
| सदस्य | नन्द कुमार तामाङ | |
| सदस्य | टेकेन्द्र राजभण्डारी | |
| सदस्य | भक्त बहादुर तामाङ | |
| सदस्य | टंकराम राई | |
| सदस्य | सुनिल राई | |
| सदस्य | अरुण राई | |
| सदस्य | जानुमाया राई | |
| सदस्य | मंगल माया राई | |
| सदस्य | कमला देवि तामाङ | |
| सदस्य | गोपि तामाङ | |
| सदस्य | जय बहादुर विश्वकर्मा | |
| सदस्य | दिनेश राई (नाछिरिङ) | |
| सदस्य सचिव | रेख बहादुर थापा (प्र.प्र.अ.) | |

गीरेन्द्र बहादुर राई
गाउँपालिका अध्यक्ष

गेरेन्द्र बहादुर राई
गाउँपालिका अध्यक्ष

ऐसेलुखर्क गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ
कोशी प्रदेश, नेपाल

प्रस्ताव तथा निर्णयहरुः

**१. कृषि बजार व्यवस्थापन सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकाभित्र उत्पादन हुने कृषि उपज सङ्कलन गरी बिक्री वितरण गर्न कार्यपालिका बैठक नं. ०२/०३/२०८०/०८१ को निर्णय नं. १ बमोजिम कृषि उपज सङ्कलन विक्रिवितरण सम्बन्धी अध्ययनको लागि गठीत कार्यदलले परिचालन गर्ने गरि भैपरि आउने पुंजीगत शिर्षकबाट व्यहोर्ने गरी रु. १००००००/- (अक्षरुपी रु. दश लाख) रनिङ फण्डको रुपमा विनियोजन गर्ने सर्वसहमत निर्णय गरियो ।

**२. ऐसेलुखर्क बजार ढलानको रकम भुक्तानी सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकाको आ.व. २०७९/०८० को स्वीकृत कार्यक्रम अनुसार ऐसेलुखर्क बजार ढलान बोलपत्र नं. ARM-KHO-08/079/080/NCB/Works सम्बन्धी ठेक्का आह्वान गरी मिति २०७९/१२/१९ मा श्री सनफ्लावर कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि, शंखमुल, काठमाण्डौसँग सम्झौता भै निर्माण कार्य अगाडी बढेकोमा आ.व. २०७९/०८० मा विविध कारणले योजना सम्पन्न हुन नसकि कार्यपालिका बैठकको निर्णयानुसार म्याद थप भै प्राविधिक लगत इष्टिमेट अनुसारको काम सम्पन्न भएको र सो कामको अनुगमन समेत भै सकेको हुँदा प्राविधिक कार्यसम्पन्न मूल्यांकन अनुसारको रकम भूक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**३. यातायात गुरु योजनाको लागि मापदण्ड निर्धारण सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकाको यातायात गुरु योजना निर्माणको लागि तपसिल बमोजिमको मापदण्ड निर्धारण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| **१. पालिकाको केन्द्रबाट क्षेत्रीय र राष्ट्रिय सडक सँग जोडिने सडकको हकमा नेपाल सरकारको नियमानुसार हुने ।** | |
| **२. गाउँपालिकाको रिङरोड** | **A Class** |
| **३. गाउँपालिकाको केन्द्रसँग जोडिने सडकहरु** | **B Class** |
| **४. गाउँपालिकाको केन्द्र र वडा कार्यालयसँग जोडिने ग्रामिण स्तरका सडकहरु** | **C Class** |

**४. डि.पि.आर. योजना थप सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा तपसिल बमोजिमको योजनाहरुको विभिन्न डि.पि.आर. शीर्षक बाट डि.पि.आर. गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

१. पर्यटकिय क्षेत्र महाविर झरना (ऐसेलुखर्क वडा नं. २ बाकाचोल)
२. त्रिभुवन मा.वि भवन निर्माण (ऐसेलुखर्क वडा नं. ३ ऐसेलुखर्क)
३. स्वास्थ्य चौकी भवन ( ऐसेलुखर्क वडा नं.-५ महेश्वरी)

**५. प्रधानमन्त्री रोजगार कार्यक्रमको ज्यालादर निर्धारण सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व. २०८०/०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत सञ्चालन हुने योजना/आयोजनाहरुको दैनिक ज्यालादर प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ (दोस्रो संशोधन-२०७८/०९/३०) को दफा-२७ (१) मा श्रमिकको काम वापतको

पारिश्रमिक निर्धारण गर्दा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक वा स्थानीय तहमा कायम भएको अदक्ष कामदारको ज्याला दररेटको असी प्रतिशतले कायम हुन आउने रकम मध्ये जुन बढी हुन्छ सोही दर कायम हुने व्यवस्था भएको र ऐसेलुखर्क गाउँपालिकाको आ.व. २०८०/०८१ को अदक्ष कामदारको दैनिक ज्यालादर रु.८५६/- रहेकोले निर्देशिकाको दफा-२७ (१) बमोजिम हुन आउने रकम रु. ६८४/- दैनिक ज्यालादर निर्धारण गर्ने सर्वसम्मत निर्णय गरियो ।

६. बजेट शीर्षक संशोधन सम्बन्धमा ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा मिति २०८० भाद्र १७ गते को गाउँ कार्यपालिका बैठक नं. ०२/०३/२०८०/०८१ को प्रस्ताव तथा निर्णय नं. १० मा तपसिल बमोजिमको योजना सञ्चालनको लागि विविध योजना सञ्चालन शीर्षकबाट बजेट विनियोजन गरिएकोमा उक्त बजेट शीर्षक संशोधन गरी भैपरी आउने पूँजीगत शीर्षकबाट विनियोजन गरी योजना सञ्चालन गर्ने गराउने सर्वसम्मत निर्णय गरियो । तपसिल

१. वनगाउँ साविक ८ र ९ मिल खरिद तथा व्यवस्थापन- रु.२,५०,०००/-

२. नाम्वा लिदिङ खोला लघु जलविद्युत आयोजना मर्मत- रु. २५,०००/-

७. संघिय शिक्षण सिकाई अनुदान शिक्षक कोटा सम्बन्धमा ।

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस आ.व.मा प्राप्त हुने आधारभुत तह (नि.मा.वि.) संघिय शिक्षण सिकाई अनुदानको लागि ३ वटा कोटाको लागि मात्र अनुदान प्राप्त भई आएकोले निम्न अनुसारको २ वटा कोटामा कार्यरत शिक्षकहरुलाई मिति २०८०/०६/०५ बाट लागु हुने गरि अवकाश दिने र यस आ.व. मा २०८० श्रावण देखि हाल सम्मको तलब भत्ता भुक्तानी दिने सर्वसम्म निर्णय गरियो ।

तपसिल

१ विष्णा राई ( बौद्ध आ.वि. बाकाचोल)

२ मुकेश कुमार मण्डल (लालबौद्ध आ.वि. ऐसेलुखर्क)

८. इलाका प्रहरी कार्यालय सवारी पार्किङ सम्बन्धमा ।

प्रस्ताव नं. ८ माथि छलफल गर्दा इलाका प्रहरी कार्यालय ऐसेलुखर्क बाट गाडि पार्किङ स्थल निर्माणको लागि सहयोग माग भई आएको हुँदा प्राविधिक स्टिमेट अनुसारको पार्किङ स्थल भैपरी आउने पुँजीगत बाट निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो ।

९. ट्रान्सफर्मर ढुवानी सम्बन्धमा ।

प्रस्तव नं. ९ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं. ५ को माग अनुसार ऐसेलुखर्क गाउँपालिका वडा नं. ५ महेश्वरीको विद्युत ट्रान्सफर्मर मर्मत गरि ढुवानी गर्नको लागि गाउँपालिकाको मर्मत शिर्षक बाट रु. २५०००/- (रु. पच्चीस हजार मात्र) आर्थिक सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो ।

१०. समपुरक कोष रकम थप सम्बन्धमा ।

प्रस्ताव नं.-१० माथि छलफल गर्दा ऐसेलुखर्क फापरश्वरादेखि ज्यामिरे वडा कार्यालय सडक स्तरोन्नती सडकको लागि समपुरक कोष अन्तर्गत ५०/५० प्रतिशत रकम व्यहोर्नु पर्नेमा गाउँपालिकाले संघिय समपुरक कोषको ५० प्रतिशत रकम मात्रै विनियोजन भएकोले सो लाई सच्याई कार्यविधि अनुसार

गाउँपालिका अध्यक्ष
कार्यपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ
कोशी प्रदेश, नेपाल

५०/५० प्रतिशत रकम गाउँपालिकाले व्यहोर्ने र अपुग रकम साझेदारी कोष अन्तर्गतको रकमबाट खर्च व्यहोर्ने गरि रु. २ करोड बराबरको टेन्डर आह्वान गरी क्रमागत रुपमा बजेट भुक्तानी गर्ने गरि सर्वसम्मत निर्णय गरियो ।

**११. एम.आई.एस अपरेटर र फिल्ड सहायक अपरेटर पद पूर्ति सम्बन्धमा ।**

प्रस्ताव न. ११ माथि छलफल गर्दा यस ऐसेलुखर्क गाउँपालिकामा एम.आई.एस अपरेटर र फिल्ड सहायक अपरेटर कोटा रिक्त रहेको हुँदा प्रक्रिया पुर्याई पद पूर्ति गर्ने सर्वसम्मद निर्णय गरियो ।

**१२. स्थानीय समन्वय समितिको सदस्य छनौट सम्बन्धमा ।**

प्रस्ताव नं.१२ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अपांग भएका व्यक्तिहरुको परिचय पत्र वितरण कार्यविधि, २०७५ को दफा ६ (१) को लागि निम्नानुसारको सदस्य छनौट गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

१. कार्यपालिकाले तोकेको महिला सदस्य – कमला देवी तामाङ

**१३. न्यायिक समितिको इजालस व्यवस्थापन सम्बन्धमा ।**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकाको न्यायिक समितिको छलफल तथा निर्णयको लागि उपयुक्त स्थानमा इजालस व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**१४. सडक मर्मत सम्बन्धमा ।**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा तपसिल बमोजिमका सडकहरुलाई मर्मत शिर्षक तथा प्रधानमन्त्री रोजगार बाट बजेट व्यहोर्ने गरि सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| १. बगाले पाराभीर सडक ग्यावियन फिलिङ वडा नं.-२ बाकाचोल | रु. २०६५००/- |
| २. ऐसेलुखर्क धोद्रे सडक सोलिङ वडा नं. -३ ऐसेलुखर्क | रु. १३००००/- |
| ३. देसारे तिन्तेफार गंगा प्रा.वि. सडक सोलिङ वडा नं.-५ महेश्वरी | रु.४००००/- |
| ४. रुमाला लेवा सडक मर्मत वडा नं. -७ | ल. ई. अनुसार |
| ५. माखुखोला र रेल्कुखोला ग्यावियन फिलिङ वडा नं. ४ | ल. ई. अनुसार |
| ६. कात्तिके चन्दने सडक सोलिङ वडा नं. ४ जलेश्वरी | ल. ई. अनुसार |
| ७. जौडाँडाँ ठकठके सडक सोलिङ वडा नं. ३ ऐसेलुखर्क | ल. ई. अनुसार |
| ८. थामखर्क देविथान सडक सोलिङ वडा नं. ३ ऐसेलुखर्क | ल. ई. अनुसार |
| ९. धोद्रे खोला काँडे गोरेटो बाटो मर्मत वडा नं. ३-४ ऐसेलुखर्क | ल. ई. अनुसार |
| १०. कालिखोला चौचारे सडक सोलिङ वडा नं. २ बाकाचोल | ल. ई. अनुसार |

गीरेन्द्र बहादुर राई
गाउँपालिका अध्यक्ष